श्रदेय अध्यक्ष ज्यू,

सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपालको स्थापना पश्चात नेपालको संबिधान २०७२ बमोजिम स्थानीय तहको दाश्रो निर्बाचनबाट निर्वाचित भई यस सिलीचोङ गाउँपालिकाको गाउँसभाको ११ औं र १२ औं अधिबेशन मार्फत नीति, कार्यक्रम तथा बजेट प्रस्तुत तथा पारित गरी सफल तथा प्रभावकारी कार्यन्वयन गर्दै सिलीचोङ गाउँपालिका गाउँ कार्यपालिकाको गाउँसभाको १३ औं अधिबेशनको सुनौलो अवसरमा आ.व.२०८०/८१ को नीति, कार्यक्रम तथा बजेट प्रस्तुत गर्न पाउदा गौरवान्वित भएकी छु।

आ.व. २०८०/०८१ को वार्षिक नीति तथा कार्यक्रम तर्जुमाको क्रममा गाउँपालिकालाई सुझाव दिनु हुने आमाबाबु, दाजुभाइ, दिदीबहिनी तथा सारेकारवालाहरुलाई हाम्रो तर्फबाट हार्दिक आभार व्यक्त गर्दछौ । साथै राजनैतिक, सामाजिक परिवर्तनमा नेतृत्वदायी भूमिका निर्वाह गरी यस सिलीचोङ गाउँपालिकाको विकास र संबृद्धिमा महत्वपूर्ण योगदान पुर्याउनुहुने राजनैतिक दलका प्रतिनिधि, समाजसेवी अग्रज तथा समृद्ध सिलीचोङ गाउँपालिकाको मार्ग चित्र कोरी पथ प्रदर्शक तथा यस कार्यकाल भन्दा अघिल्लो पटकका स्थानिय सरकारका सम्पूर्ण जनप्रतिनिधि ज्युहरुलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

यस सुनौलो अवसरमा सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपालको स्थापना गर्नका लागि बिभिन्न काल खण्डमा बलिदानी पुर्ण सङ्घर्षमा आफ्नो अमुल्य जिवनको उत्सर्ग गर्नु हुने ज्ञात अज्ञात शहिदहरु प्रति हार्दिक श्रद्धान्जली अर्पण गर्दछु। घाइते र बेपत्ता नागरिकहरु प्रति सम्मान प्रकट गर्न चाहन्छु।

मिति २०७९ बैशाख ३० गतेको स्थानीय तहको दोश्रो निर्वाचनबाट निर्वाचित भई बिगतका अधिबेशनहरुमा प्रस्तुत तथा पारित गरिएका नीति, कार्यक्रम तथा बजेट हाम्रो साझा प्रयासबाट सफल कार्यन्वयनले अझ उत्साह तथा हौसला मिलेको छ भने थोरै समयको अनुभवबाट धेरै सिकाई तथा थप जिम्मेवारी समेत प्राप्त भएको छ । जननिर्वाचित जनप्रतिनिधी, सिलीचोङवासी आमनागरिक, बौद्धिक ब्यक्ति ब्यक्तित्व, राष्ट्र सेवक कर्मचारीहरु गाउँपालिकाको उन्नती, प्रगती तथा समृद्ध सिलीचोङ समृद्धिको लागि गोलबद्ध रुपमा साझा धारणाका साथ अगाडि बढ्नु आजको मुख्य आवश्याकता हो भन्ने ठानेकी छु। तसर्थ गोलबद्धताका साथ आगामी ४ वर्ष सम्म गाउँपालिका उपाध्यक्षको हैसियतले सम्पादन गर्नुपर्ने जनसेवाका कार्य तथा सिलीचोङ गाउँपालिकाको चौतर्फी बिकासमा यहाँहरुको महत्वपुर्ण सहयोग रहनेछ भन्ने अपेक्षा लिएको छु ।

सुन्दर समुन्नत र समृद्ध गाउँपालिका निर्माण गर्ने संकल्प समस्त गाउँपालिकाबासीहरुको चाहना र हामीले निर्वाचनका क्रममा मतदाता सामु गरेका हाम्रा प्रतिबद्धता पुरा गर्न आ.व. २०८०/०८१ को नीति तथा कार्यक्रममा समाबेश गरेका छौं । यसका लागि राष्ट्रले अबलम्बन गरेको दीगो बिकासको लक्ष्यलाई स्थानीयकरण गर्दै प्राथमिकीकरणमा परेका गुणस्तरीय भौतिक पूर्वाधार निर्माण सहित स्थानीय

श्रोत साधनको अधितम् प्रयोग, सरकारी, गैरसकारी, निजी क्षेत्रको साझेदारबाट समाबेशी दिगो आर्थिक तथा सामाजिक बिकास मार्फत समृद्ध गाउँपालिका निर्माण गरिने छ ।

**अध्यक्ष महोदय,**

स्थानीय सरकार सन्चालन अभ्यास तथा अनुभव हाम्रा लागि उत्साहजनक रहेको छ । यसलाई संस्थागत रुपमा अझ सुदृढ, सवल, सक्षम एवं जनमुखी बनाउने हाम्रो साझा दायित्व हो । स्थानीय सरकार जनताको प्रत्यक्ष तथा नजिकको सरकार हुनका कारण हामी प्रति आमनागरिकको आशा, भरोशा एवं विश्वास रहन स्वाभाविक छ । तसर्थ आमनागरिकहरुको असिमित चाहना, आवश्यकतालाई सिमित श्रोत साधनको बाबजुत संबोधन गर्न हामी कटीवद्ध छौं । हाम्रो पालिका भौगोलिक रुपमा जति सुन्दर छ, भौगोलिक कठिनाई पनि उतिकै छ । भौगोलिक कठिनाइका कारण हाम्रा सामु भौतिक पुर्वाधारका आधारशिला खडा गर्न उतिकै चुनौतीको रुपमा रहेको छ भने सामाजिक, आर्थिक बिकास गर्न पनि उतिकै चुनौती पुर्ण नै रहेको छ । तसर्थ उक्त चुनौतीहरुलाई अवसरको रुपमा प्रयोग गर्दै सिमित श्रोत साधनको समुचित परिचालन तथा ब्यवस्थापनबाट भौतिक, आर्थिक, सामाजिक रुपान्तरण गर्न हाम्रो पहिलो प्राथमिकता रहेको छ ।

विश्वव्यापीरुपमा फैलिएको कोभिड-१९ महामारीबाट थलिएर माथि उठन लागेको अर्थतन्त्र पुनः युक्रेन युद्ध र सोबाट विश्व आपूर्ति श्रृंखलामा आएको संकुचनले नेपाललाइ समेत प्रभाव पारेकोछ । यसबाट संघीय सरकारको राजश्व परिचालनमा प्रभाव पर्न गइ स्थानीय तहले पाउनु पर्ने वित्तीय हस्तारणमा नकारात्मक असर पुगेकोछ ।

नेपालले जनसांख्यिक लाभ लिदै अल्प विकसित मुलुकबाट विकासशील मुलकको श्रेणीमा उक्लिनै लाग्दा उर्जाशिल युवाहरू रोजगारीको खोजीमा नेपाल छोडेर विदेशिनु पर्ने अवस्थाले हामी सवैलाइ गम्भीर वनाएकोछ। जनशक्ति बिदेशीनाले उब्जाउ खेत वारी बाँझो हुन पुगेकाछन । यस सन्दर्भमा युवालाइ देशिभत्रै रोजगारीको अवसर सृजना गर्ने र गाउँघरको वसाइलाइ आकर्षक वनाउने चुनौती हामी सबैको साझा मुद्दा हुन पुगेकोछ ।

यस विशिष्ट परिस्थितिमा हामीले हाम्रो अर्थतन्त्रलाई पुनर्उत्थानशील क्रियाकलापमार्फत अगाडी बढाउदै तिब्र र दिगो आर्थिक विकास गरी समृद्ध नेपाल सुखी नेपालीको मुल लक्ष्य हासील गर्नु परेको छ। यसका लागि हाम्रो गाउँपालिकामा स्थानीय आर्थिक विकासका कार्यक्रमलाइ विशेष जोड दिनु पर्ने अवस्था सिजना भएकोछ ।

सेवा प्रवाहलाइ थप प्रभावकारी बनाइ सुशासनको अनुभूति जनमानसमा ल्याउन गाउँपालिकाको क्षमता विकास गर्न समेत अपरिहार्यछ । यसका लागि बिद्युतीय सुशासन प्रणालीलाइ सेवा प्रभावमा ब्यापक र प्रभावकारी वनाउनु पर्ने अवस्था देखिन्छ ।

**विकास तथा समृध्दिको लक्ष्य प्रासिका अवसर तथा चुनौती**

**विद्यमान अवसरहरूः**

हाम्रा लागि देहाय बमोजिमका अवसरहरू रहेकाछनः

१. संविधानतः अधिकार सम्पन्न स्थानीय सरकार स्थापना भइ २२ वटा एकल अधिकार सहित विविध साझा अधिकार किटान हुनु ।
२. आफ्ना अधिकार क्षेत्रका विषयमा ऐन, कानून तर्जुमा, योजना तर्जुमाको अभ्यास हुनु ।
३. विकास निर्माणका विविध विषयमा नीति कार्यक्रम तथा बजेट सञ्चालन गर्ने अधिकार प्रष्ट हुनु।
४. गाउँपालिका भित्र भौगोलिक तथा सांस्कृतिक विविधता रहनु ।
५. आफ्नो पालिकाको लागि आफै योजना तथा कार्यक्रम बनाउने अधिकार प्राप्त हुनु ।

**विद्यमान चुनौतीहरूः**

हाम्रा सामु देहाय बमोजिमका चुनौतीहरू रहेकाछनः

१. रोजगारउन्मुख सीपमूलक शिक्षाको विकास गर्नु ।
२. बजारको सूचना कृषकलाई समयमा नै उपलब्ध गराउनु ।
३. गुणस्तरीय बीउबिजन/मलखाद समयमा नै उपलब्ध गराउनु ।
४. युवा जनशक्तिलाइ कृषि ब्यवसाय प्रति आकर्षित गर्नु ।
५. ब्यावसायिक कृषकको संख्या वृद्धि गर्नु ।
६. वैदेशिक रोजगारीबाट फर्केका सीप युक्त युवाको सीप तथा पुँजीलाइ उद्यम विकासमा उपयोग गर्नु।
७. निर्माण भएको पूर्वाधारको मर्मत संभार पद्धतिको विकास गर्नु ।
८. सडक लगायतका पूर्वाधारको उपयोग योजना ,डिजाइन तथा ड्रइङ विना गरिने सडक तथा अन्य पूर्वाधारका संरचना निर्माणको कार्यलाई रोक्नु ।
९. भिरालो ठाउँ, बाढी पहिरो तथा डुवान लगायतका प्रकोपको उच्च जोखिम भएका वस्तीमा भवन निर्माण कार्यलाई रोक्नु।
१०. अव्यवस्थित बस्ती बिस्तारको क्रम रोक्नु तथा व्यवस्थित बस्ति विकास गर्नु।
११. बैज्ञानिक, जलवायु उत्थानशिल तथा व्यवहारीक एवम् उपयुक्त भूउपयोग योजना तर्जुमा गरी लागू गर्नु।
१२. सञ्चार सेवा प्रदायक संस्थाहरू बाट प्रभावकारी सेवा प्राप्ति र ब्यवस्थित गर्नु ।
१३. विभिन्न कालखण्डमा गाउँपालिकामा निर्माण भएका पुर्वाधारका संरचना (पूँजीगत सम्पति) को लगत तयार तयार गर्नु, मुल्यांकन गर्नु तथा सेवा प्रभावमा प्रभावकारी उपयोग सम्बन्धी योजना (Asset Management Plan) तयार गरी कार्यान्वयन गर्नु ।

## नीति तथा कार्यक्रम तर्जुमाका आधारहरू

नेपालको संविधानमा स्थानीय शासन सम्बन्धी उल्लेख भएको नीतिगत व्यवस्था, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्थानीय तहले आवधिक, वार्षिक तथा रणनीतिक योजनाहरू बनाई लागू गर्दै जानुपर्ने प्रावधान, राष्ट्रिय योजना आयोगले जारी गरेको स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८, पन्ध्रौं आवधिक योजनाको मूलभूत पक्षहरू अनुसार विभिन्न चरणको सहभागितामूलक प्रक्रियाबाट यस गाउँपालिकाको आर्थिक वर्ष २०८०/८१ को वार्षिक नीति तथा कार्यक्रम तयार गरिएकोछ ।

पन्ध्रौं योजना, दिगो विकास लक्ष्य २०३० को मार्गचित्र, गाउँपालिकाको खर्च योजना, कार्यान्वयनमा ल्याइएका कानुनी प्रावधान समेतलाइ ध्यानमा राखी यो नीति तथा कार्यक्रम ल्याइएकोछ ।

गुणस्तरीय पूर्वाधार विकास निर्माणको कार्यमा गाउँपालिका भित्रका आम उपभोक्ताहरु, सर्वसाधारण जनता, उद्योगी ब्यवसायीहरु, सामाजिक संघसंस्थाहरु तथा विकास साझेदारहरूको निरन्तर सहयोग रहदै आएको छ। विकास र सुशासनको लागि जनप्रतिनिधिहरुले स्पष्ट दृष्टिकोण सहित अगुवाई गर्ने हो भने प्रशासनिक संयन्त्रले त्यसलाई प्राविधिक तथा कानुनी ढाँचा भित्र आवद्ध गराउने हो। आम नागरिकहरुले साथ सहयोग, सुझाव दिने हो। जनसहभागीता एवं जनपरिचालनको क्षेत्रमा गाउँपालिकाले कायम गरेको इतिहासलाई अक्षुण्ण राख्दै शासकीय प्रबन्धमा जवाफदेहिता, पारदर्शिता, गुणस्तरीयता एवं स्वच्छतायुक्त जनसहभागीता सुनिश्चित गरिने छ।

गाउँपालिकाको संगठन तथा व्यवस्थापन सर्भेक्षणलाई अद्यावधिक रुपमा अध्ययन गरी छरितो एवं चुस्त संगठन संरचना मार्फत प्रशासनिक तथा चालु खर्चलाई मितब्ययी वनाइनेछ । यसबाट सेवा प्रवाहलाइ प्रभावकारी तथा विकेन्द्रित तुल्याउदै पूँजीगत खर्च बढाउने नीति लिइएको छ। संघ तथा प्रदेश सरकारबाट प्राप्त अनुदान एवं वित्तिय हस्तान्तरणको उच्चतम र प्रभावकारी परिचालन एवं उपयोग गर्दै वित्तिय आत्मनिर्भरता कायम गर्न प्रयत्न गरिने छ।

यस गाउँपालिकाले आफ्नो क्षेत्रमा समृद्ध, समावेशी, स्वच्छ, सुरक्षित, स्वावलम्बी र सुशासित समुदाय निर्माण गर्ने उद्देश्य लिएकोछ। जनताको मौलिक अधिकार र प्रतिनिधित्व सुनिश्चित गर्नका लागि सहभागिताका माध्यमबाट पारदर्शिता र जवाफदेहीतालाइ जोड दिइनेछ ।

## चालु आ.व.को हालसम्मका प्रमुख उपलब्धीहरूको संक्षिप्त विवरण भौतिक उपलब्धि

### भौतिक पूर्वाधार विकास

**१.सडक यातायातः**

यस गाउँपालिकामा हाल सम्म १३५ किलो मिटर ट्र्याक ओपन तथा १७ किलो मिटर सोलिङ गरी यातायात सन्चालन भइ रहेको छ भने गाउँपिलका र जिल्ला सदरमुकाम जोड्नका लागि प्रमुख मार्गहरु सल्लेरी दोभान सडक, बुधबारे बुम्लीङटार सडकको स्तर उदन्नती कार्य निरन्तर भइ रहेको छ । चालु

आ.व. मा बैकल्पिक मार्गको रुपमा बिर्सुवा र तोम्बे बेशी सडक नाका समेत खोलिएको छ । यातायात तथा भौतिक पूर्वाधार निर्माण कै सन्दर्भमा सिसुवाखोला मोटरेवलपुल निर्माण आयोजना निर्माण कार्य निरन्तरता सन्चालनमा रहको छ । आ.व. ०८०।०८१ मा सम्पन्न हुने गरी माङ्तेवा स्वास्थ्य चौकी, सिसुवाखोला स्वास्थ्य चौकी, सिलीचोङ समाज विकास केन्द्रको भवन निर्माण आयोजना सम्पन्न हुनेछन् भने गाउँपालिकाको प्रशासकीय भवन निर्माण आयोजनालाइ तिब्रता दिइ आ.व. ०८१।०८२ सम्पन्न गरिनेछ ।

## सामाजिक विकास (शिक्षा, स्वास्थ्य, लक्षित समूह ) का क्षेत्रमा भएका उपलब्धी

गाउँपालिकाले सामिजक क्षेत्रमा अवश्यक पर्ने कानुनहरु निर्माण गरेर पालिका भित्रका बिपन्न नागरिकहरुलाइ स्वास्थ्य सेवा प्रदान गर्नका लागि सिलीचोङ गाउँपालिका गाउँ कार्यपालिकाको बिपन्न नागरिक औषधी उपचार सन्चालन कार्यबिधि २०७९ निर्माण गरि बिपन्न वर्गलाइ औषाधी उपचारमा सहजता ल्याएको छ । शैक्षिक गुणस्तर सुधार तथा मानव शंसाधन बिकास गर्ने उदेश्यले सिलीचोङ गाउँपालिका गाउँ कार्यपालिकाको छात्रबृती सम्बन्धी कार्यबिधि २०८० जारी गरी बिज्ञान तथा उच्च प्राबिधक शिक्षा लागि सहयोग कार्यक्रम प्रारम्भ गरेको छ । साथै बिद्यार्थीहरुको पढाइ गुणस्तर अभिबृद्दीका लागि कक्षा ८ उतिर्ण उत्कृष्ट बिद्यार्थी तथा कुशल प्रधान अध्यापक सम्मान जस्ता नमुना कार्य गर्नुका साथै सगरमाथा मा.बि. नमुना बिद्यालय भवन निर्माण, माहेश्वरी मा.बि. याफुमा आर. सी. सी भवन निर्माण, जीवन ज्योती मा.बि. ट्रष्ट भवन निर्माण योजना जस्ता महत्वपूर्ण योजनाहरु सन्चालन भएका छन् । अन्य भौतिक पुर्वाधार निर्माणको सन्दर्भमा ईभाङ खोला झो.पु., दाङ्खा झो.पु., दाङबुवा झो.पु., पिखुवा झो.पु. यसै आ.व.मा सम्पन्न गरिएको छ। ब्यवस्थित भौतिक बिकासको लागि रिङरोड सडक गुरुयोजना निर्माण, सङ्खुवादोभान बिर्सुवा सम्म सडक डि.पि.आर. निर्माण तथा तोम्बे अरुण पुल डि.पि.आर. तथा बुधबारे देखि प्रशासकीय भवन सम्म सडक डि.पि.आर. निर्माण गरिएका छन् ।

## आर्थिक विकास

आर्थिक बकासको क्षेत्रमा गाउँपालिकाबाट कृषकहरु संग साझेदारीमा बाख्रा निर्माण करेशाबारी निर्माणका लागि टनेल बितरण तथा टनेल हाउस निर्माण तोरी खेती कृषि औजार बितरण तरकारीको मिनिकिट बितरण मकैको बिउ बितरण गहुको बिउ वितरण जस्ता कार्य गर्नका साथै हाल देखा परको लम्पि स्किन रोगका बिरुद्ध पशु सेवा प्राबिधिकहरु घरगोठमा दैनिक पुगि पशु उपचार कार्यमा खटी रहेका छन् । प्राय जसो सबै टोलहरुमा कृषि सडक निर्माण भएकोछ । ब्यावसायिक कृषि तथा पशुपालनका क्षेत्रमा लगानी गर्न उत्पेरित गरिएकोछ ।गाउँपालिका भित्र रहेका पर्यटकीय स्थलहरूको संरक्षण र प्रवर्ध्दन गर्ने कामलाइ ब्यवस्थित रूपमा कार्यान्वयनमा ल्याइएकोछ ।काईकोक झरना जस्ता पर्याटकीय स्थलमा पहुँच मार्गको रुपमा गोरेटो बाटो निर्माण योजना सन्चालन गरिएका छन् । रोजगारी सृजना गर्न गाउँपालिका भित्र रहेको श्रम शक्तिलाई उद्यम बिकास मार्फत विभिन्न सीपमूलक तालिम सञ्चालन गरिएको छ । यसबाट १३० जना रोजगारी सृजना भएकोछ ।

**वन, वातावरण, जलवायु परिवर्तन तथा विपद् व्यवस्थापन**

वन, वनस्पति, वन्यजन्तु, जैविक विविधता, जलाधार ब्यवस्थापनलाइ समेटने गरी यसबाट प्राप्त हुने काठ, दाउरा, जडिवुटी, हरित उद्यम र पर्यापर्यटनको विस्तार कार्यक्रम सन्चालन गरिएकोछ । सिलीचोङ-१ सिसुवाखोलाका बाढी पहिरो पिडितहरुलाई जग्गा ब्यवस्थापन गरी घर बनाउन जग्गा प्रदान तथा घर निर्माण कार्यको लागि प्रकृया अगाडि बढाईएको छ । सिलीचोङ-१ चित्रे स्थित पुनर्वासमा सडक पुर्याई पुनर्वास निर्माण कार्य सहज बनाईएको छ । गाउँपालिका भित्रका बिपद पिडितहरुलाई आर्थिक तथा बिपदमा आवश्यक सामाग्री बितरण गरिएको छ ।

**सुशासन तथा संस्थागत विकासमा भएका उपलब्धी**

गाउँपालिकाले ६ वटा ऐन, २ वटा नियमावली, ३१ वटा कार्यविधि, र १ वटा मापदण्ड र आधारहरू तर्जुमा गरी कार्यान्वयनमा ल्याएकोछ। त्यसै गरी व्यवस्थित भौतिक विकासको लागि आवश्यक गुरूयोजना योजना नीति तर्जुमा गरेको छ ।गाउँपालिकाले संगठन तथा ब्यवस्थापन सर्वेक्षण गरी सो अनुसारको संगठन संरचना, जनशक्ति र कार्यविवरण तयार गरी कार्यान्वयनमा ल्याएकोछ । यस गाउँ पालिकाले संस्थागत क्षतमा स्वमुल्यांकन कमश सुधार गर्दै गत आ.व.०७८/०७९मा ६६ अंक प्राप्त गरेको छ ।

राजश्व सुधार कार्ययोजना तयार गरेको छ भने राजश्वको दायरा समेत फराकिलो बनाउदै लगेको छ । चालु आ.व.०७९/०८० मा ५ वटै वडा कार्यालय तथा स्वास्थ्य चौकीहरुमा फाईवरनेट जडान कार्य सम्पन्न गरेको छ । जसले गर्दा ब्यक्तिगत घटना, सामाजिक सुरक्षा आर्थिक प्रशासन सेवा डिजिटल तथा बिद्युतीय सेवाबाट प्रदान गर्ने कार्य प्रारम्भ भएको छ ।

**अध्यक्ष महोदय,**

अव म आ.व. ०८०।०८१ को नीति, कार्यक्रम तथा बजेटको सन्दर्भमा बिषय केन्द्रित गर्न गईरहेको छु । अहिले हामी सिलीचोङ गाउँपालिकाको आ.व.०८०/०८१ को ऐतिहासिक नीति, कार्यक्रम तथा बजेट पेश गर्ने अवस्थामा आईपुगेका छौ । हाम्रा आन्तरिक श्रोतहरु कमी हुनका साथै संघीय सरकार तथा प्रदेश सरकारबाट प्राप्त सिमित बजेट प्राप्त हुनु, बिगत आ.व. मा प्राप्त हुदै आएका बजेटको सिमा घट्नुले सिमित बजेटको परिधी भित्र रही गाउँपालिका वासीहरुको असिमित आकांक्षा र आवश्यकतालाई सम्बोधन गर्न निश्चय नै हामी माँझ चुनौतिको रुपमा रहेकोछ । सिमित श्रोतको सही सदुपयोग गर्दै सिलीचोङ गाउँपालिकाको समृद्धि तथा राज्यले लिएको "समृद्ध नेपाल सुखी नेपाली" को नारालाई आत्मसाथ गर्दै अवसरको रुपमा अगाडि बढ्नुको विकल्प छैन । सिलीचोङ गाउँपालिकाले गौरवको आयोजनाका रुपमा आ.व.२०७९/०८० देखि सन्चालन गर्दै रहेको सिसुवाखोला मोटरेवलपुल निर्माण आयोजना, माङ्तेवा स्वास्थ्य चौकी भवन निर्माण आयोजना, सिसुवाखोला स्वास्थ्य चौकी भवन निर्माण आयोजना, सिलीचोङ समाज विकास केन्द्रको भवन निर्माण आयोजना आ.व. ०८०/०८१ मा सम्पन्न गरिनेछन् भने गाउँपालिकाको प्रशासकीय भवन निर्माण आयोजनालाई आ.व.०८१/८२ मा सम्पन्न हुने गरी बजेट

व्यवस्थापन गरी आयोजना निर्माण कार्य तिब्रता दिनका साथै सङ्खुवादोभानमा बेलीब्रिज निर्माण गरी बाह्रै महिना यातायात सन्चालन गर्न महत्वपुर्ण संकल्प लिईएको छ । यिनै महत्वपुर्ण गौरवका आयोजना सहित संविधान प्रदत्त हक अधिकार सहित गठित यस सिलीचोङ गाउँपालिकाको बजेट तथा कार्यक्रम तर्जुमा समितिको संयोजकको हैसियतले यस गरिमामय गाउँसभाको अधिबेशनमा आगामी आर्थिक वर्ष ०८०/०८१ को वार्षिक नीति, कार्यक्रम तथा बजेट पेश गर्न गईरहेको छु ।

सिलीचोङ गाउँपालिकाको लागि आवश्यक बिकासको प्रारम्भिक खाका बल्ल कोरिदै गरेको यस गाउँपालिकामा विविध समस्या र चुनौतिहरु रहेका छन् भन्ने हामीलाई लागेको छ । यसका बावजुद पनि यस क्षेत्रको विकास कसरी गर्न सकिन्छ भन्ने विषयमा समग्र गाँउपालिका प्रतिबद्धताका साथ लागी पर्ने नै छ । स्थानीय तहको निर्वाचनबाट निर्वाचित हामी जनप्रतिनिधिहरुको यस सभामा सिलीचोङवासीको ईच्छा र आवश्यकतालाई  सम्वोधन गर्ने दृढ संकल्पका साथ आ.व. ०८०/०८१ को बार्षिक नीति तथा कार्यक्रम यस सम्मानित सभा मार्फत समग्र सिलीचोङ गाउँपालिकाका नागरिकहरु समक्ष राख्न पाउँदा मैले आफूलाई गौरवान्वीत महशुस गरेकी छु । यस अवसरमा हाम्रो कदमलाई सहयोग गर्नुहुने सम्पूर्ण गाउँपालिकाबासी आमाबुवा, दाजुभाई, दिदि बहिनीहरु, निर्वाचित जनप्रतिनिधिहरु, विभिन्न सरकारी तथा गैर सरकारी निकायका पदाधिकारिहरु, नागरिक समाजका अभियन्ताहरु, सम्पुर्ण राष्ट्रसेवक कर्मचारीहरु, पत्रकार, तथा समाजसेवीहरु लगायत सम्पुर्ण सरोकारवाला पक्षहरुप्रति हार्दिक आभार व्यक्त गर्न चाहान्छु ।

**श्रद्धेय अध्यक्ष महोदय,**

अव म चालु आ.व. २०७९/०८० को वार्षिक कायक्रमको सामान्य समिक्षा गर्न अनुमति चाहन्छु ।
चालु आ.व.को लागि यस सम्मानित सभाबाट कुल आम्दानीरु ४४ करोड ६५ लाख ४० हजार ३ सय ३४ रुपैया अनुमान भएकोमा चालु तर्फ रु १२ करोड ५७ लाख १ हजार ३ सय ३४ रुपैया, र पुँजिगत तर्फ १२ करोड ८९ लाख ८० हजार रुपैया विनियोजन भएको थियो भने संघिय तथा प्रदेश सरकारबाट सशर्त १७ करोड ७८ लाख ५९ हजार तथा समपुरक अनुदानमा रु १ करोड ४० लाख रहेको छ । उक्त विनियोजित रकम मध्ये हाल सम्मको अवस्थामा ७० प्रतिशत रकम खर्च भएको अनुमान गरिएको छ । समग्रमा हालसम्म भएका कार्य प्रगतिको पछिल्लो प्रवृत्ति विश्लेषण गर्दा परिणाम सन्तोषजनक भएको पाउन सकिन्छ ।

**श्रद्धेय अध्यक्ष महोदय,**

अब, म यस गाउँपालिकाको आगामी आ.व. २०८०/२०८१ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न अनुमति चाहन्छु । नीति तथा कार्यक्रम प्रस्तुत गर्नुपूर्व यस गाउँपालिकाको दीर्घकालिन सोच (Vision), लक्ष्य ( Goal), उद्देश्य (Objective) र आपेक्षित उपलब्धीको बारेमा छोटकारीमा प्रस्तुत गर्दछु ।

**सोचः-**

समृद्ध सिलीचोङ गाउँपालिकाको आधार,

कृषि, पर्यटन, रोजगार सहितको गुणस्तरीय पुर्वाधार ।

**लक्ष्यः-**

पुर्वाधार विकास, व्यवसायिक कृषि, गुणस्तरीय शिक्षा, सर्वसुलभ स्वास्थ्य सेवा, पर्यटन र उद्यमशिलताको विकासबाट समृद्ध सिलीचोङ गाउँपालिका निर्माण गर्ने ।

**उद्देश्यः-**

- गाउँपालिकाको केन्द्र देखि सबै वडा कार्यालय जोड्ने सडकलाई बाह्रै महिना संचालन हुने अवस्था निर्माण गर्नुका साथै वडा कार्यालयहरुबाट टोल बस्ति सम्म आम उपभोक्ताको प्रत्यक्ष सहभागितामा सडक सञ्जाल निर्माण तथा स्तर उन्नती गर्ने ।
- यस क्षेत्रको माटो सुहाउदो कृषि प्रणालीको विकास गरी प्रत्येक वडामा कृषि तथा पशु सेवा प्राबिधिकहरुको व्यावस्थापन, कृषि उत्पादनको बद्धि बजारीकरण तथा विस्तारीकरण मार्फत गरिवी न्यूनीकरणमा जोड दिने तथा कृषिमा परनिर्भर संस्कृतिको अन्त्य गर्दै आत्मनिर्भर बन्न सबैलाई अग्रसर गराउने ।
- सूचना प्रविधिको प्रयोग गरी गुणस्तरीय प्रशासनिक, प्राबिधिक तथा शैक्षिक सेवाको माध्यमबाट सुशिक्षित समाज निर्माणमा सबै वर्ग, क्षेत्र, तथा समुदाय सँग हातेमालो गर्दै अगाडी बढ्ने ।
- स्वास्थ्य सेवालाई गुणस्तरीय बनाउदै सबै नागरिकको लागि पहुँच योग्य र सर्वसुलभ बनाउने ।
- सीपमुलक तालिम र ज्ञानको माध्यमबाट दक्ष जनशक्ति विकास गरी रोजगारीका अवसरहरु सिर्जना गर्ने ।
- सेवा प्रवाहलाई विद्युतिय  प्रणालीमा आवद्ध गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउने ।
- सहकार्य र सहभावको संस्कृतिलाई मुल मन्त्रको रुपमा अंगिकार गरी विकासमा जनसहभागिता र साझेदारीको अभ्यासलाई अवलम्वन गर्दै सिलिचोङ गाउँपालिकालाई नमुना गाउँपालिकाको स्तरमा लैजाने ।
- खेम्पालुङ गुफालाई पर्यटकीय गन्तब्यको रुपमा विकास गरिनेछ ।

- **श्रद्धेय अध्यक्ष महोदय,**

**अब म आगामी आ.व. ०८०/०८१ को वार्षिक नीति कार्यक्रम तथा बजेट प्रस्तुत गर्न अनुमति चाहन्छु ।**

**१. आर्थिक बिकास सम्बन्धि नीति तथा कार्यकम**

**क.कृषि तथा पशुपंक्षी सम्बन्धी नीति तथा कार्यकम**

१.कृषिलाई सम्वृद्ध सिलीचोङको मूल आधारको रुपमा स्थापित गरी यस क्षेत्रका जनताको आय र जीवनस्तर वृद्धि गर्न आधुनिक र व्यवसायिक कृषि तथा पशुपालन कार्यलाई जोड दिईनेछ । गाउँपालिका भित्रका वडाबाट छनौट भई आउने युवाहरुलाई आधुनिक कृषि प्रणाली तथा पशुपालन सम्बन्धी तालिम तथा अन्य सीपमूलक तालिम प्रदान गरी विदेशीएका युवाहरुलाई गाँउमा नै फर्काउने अभियानको थालनी हुनेछ । यसका लागि आवश्यक बजेट विनियोजन गरिएको छ । त्यस्तै कृषि तथा पशु स्वास्थ्य क्षेत्रको विविध कार्यक्रमको लागि  आवश्यक बजेट विनियोजन गरिएको छ ।

२.कृषिमा उद्यमशिलता आजको आवश्यकता भन्ने नाराका साथ कृषिको आधुनिकीकरण तथा औद्योगिकीकरणका लागि कृषक तथा उद्यमीहरुको क्षमता अभिवृद्धि गरिनेछ र साना तथा घरेलु उद्योगहरु सञ्चालनको लागि सहजिकरण गरिनेछ ।

३. कृषि तथा पशुपालन व्यवसायको जोखिम न्यूनीकरणका लागि बाली तथा पशु बिमा कार्यक्रममा सहभागी हुन किसानहरुलाइ प्रोत्साहन गरिनेछ । कृषक समुहको माध्यमबाट उन्नत कृषि बाली सम्बन्धी जानकारी गराउने तथा नयाँ प्रविधिको प्रयोग जस्ता सिर्जनात्मक काम गरिनेछन् । पशु पालन व्यवसायलाई व्यावसायिक विकासको लागि नश्ल सुधार, कृतिम गर्भधारण, चरण क्षेत्र विकास, पशु आहाराका लागि घाँस बिकास कार्यकममा जोड दिईनेछ ।

५. कृषकहरुको उत्पादनलाई सहज ढंगले बजार व्यावस्था गर्न एक वडा एक हाट बजार संचालन गर्न प्रोत्साहित गरिनेछ ।

६. उच्च मूल्यको तथा निर्यात योग्य फलफूल खेतीलाई प्रोत्साहन दिँदै विभिन्न कृषि उपज उत्पादनको पकेट क्षेत्र घोषणा गरी उत्पादन वृद्धिमा सहयोग पुर्‍याइने छ ।

७.बहु उपयोगी अमृसो खेती प्रोत्साहन गरी कृषकहरुको आयआर्जन तथा भु उपयोग सम्बन्धी कार्यकम सन्चालन गरिने छ । उक्त कार्यकमको लागि आवश्यक बजेट बिनियोजन गरिएको छ ।

८.पशुमा लाग्ने लम्पी स्किन लगायत अन्य रोग रोकथामको लागि सबै पशुहरुमा खोप लगाउने ब्यवस्था मिलाईनेछ ।

९. रैथाने बालीहरुको विउ संरक्षण, खेती विस्तार र बजारीकरणको लागि विशेष प्रबन्ध मिलाइनेछ।

**ख. उद्योग तथा पर्यटन सम्बन्धी नीति तथा कार्यक्रम**

१. पर्यटन मार्फत आर्थिक समृद्धि हासिल गर्न गाउँपालिका पर्यटन गुरुयोजना तर्जुमा गरी सोही आधारमा पर्यटन पूर्वाधार विस्तार र पर्यटन विकासका कार्यक्रमहरु संचालन गरिनेछ।

२. गाउँपालिका क्षेत्र भित्रका पर्यटकीय स्थलहरु जोड्न पर्यटकीय सडक संजाल कार्यान्वयन प्रारम्भ गरिनेछ।

३. विभिन्न जातजातिको जातजातिपरम्परागत पर्व, संस्कार र संस्कृतिहरुको प्रवर्द्धन गरिनेछ।

४. विभिन्न जातजातिहरुको ऐतिहासिक, सांस्कृतिक, धार्मिक पहिचान अवगत गराउन पर्यटकहरुलाई होमस्टेसहित स्थानीय अर्गानिक तरकारी तथा अन्य खाद्य उत्पादनपाहुनाको रुपमा राख्न घर छनौट गरिनेछ।

५.पालिका भित्रका रहेका पर्याटकीय क्षेत्रहरुमा पहुँच मार्ग निर्माण तथा प्रचार प्रसार गरिनेछ ।

६.उद्योग व्यवसाय दर्ता, नविकरण, स्थानान्तरण तथा नामसारी जस्ता प्रशासनिक प्रकृयालाई सूचना प्रविधिको प्रयोग गरी सरलीकरण र प्रभावकारी बनाइनेछ ।

७.गाउँपालिका भित्रका पर्यटकीय स्थलहरुको प्रचार प्रसारका लागि डकुमेन्ट्री प्रसारण र ब्रोशर हरुको वितरण गरिनेछ।

**ग.सहकारी सम्बन्धी नीति तथा कार्यक्रम**

१.सहकारी संस्थाहरुको संस्थागत सुशासन प्रवर्द्धन गर्दै निच्छेपकर्ताहरुको हित संरक्षणका लागि अनुगमनलाई प्रभावकारी तुल्याइनेछ।

२.एक वडा एक सफल सहकारी बिकास गरिनेछ । जसका लागि सहकारी संस्थाको क्षमता अभिबृद्धि सम्बन्धी तालिम सन्चालन गरिनेछ ।

**२.सामाजिक विकास सम्बन्धि नीति तथा कार्यकम**

**क.शिक्षा**

१. प्रत्येक वडामा माध्यमिक तह सम्म नि:शुल्क, अनिवार्य र गुणस्तरीय शिक्षा सर्वसुलभ गराइनेछ । अंग्रेजी माध्यमबाट पठनपाठनको व्यवस्था गर्ने विद्यालयलाई विशेष सहयोग गर्ने नीति अवलम्बन गरिनेछ ।

२. उच्च प्राविधिक शिक्षा, वि.एस्सी, एम.एस्सी पढ्न चाहने गरिव तथा जेहेनदार छात्रछात्रालाई निरन्तरता प्रदान गरिने छ ।

३. यस गाउँपालिका अर्न्तगतका विद्यालय उमेरका सबै बालबालिकाहरु विद्यालयमा भर्ना भई नियमित उपस्थित गराउन र सिकाई स्तर वृद्धि गर्न जोड दिइनेछ । यसको लागि अनिवार्य रुपमा पालिका स्तरीय अनुगमन तथा सुपरीवेक्षण प्रणालीको विकास गरिनेछ ।

४.प्रभावकारी शिक्षण विधिद्धारा शिक्षण गराउने बिषय शिक्षकलाई सम्मान, सिर्जनशिल तथा लगनशिल विद्यार्थीहरुलाई परीक्षा प्रणाली तथा मूल्याङ्गनमा एकरुपता कायम गर्न विशिष्टिकरण ग्रीड निर्धारण कार्यक्रम र प्रोत्साहन तथा कुशल प्रशासक प्रधानाध्यापकलाई सम्मान तथा प्रोत्साहन गर्ने कार्यक्रम संचालन गरिनेछ ।

५.प्रविधिमैत्री शिक्षा प्रणालीलाई प्रवर्द्धन गरिने छ ।

६.सवै आधारभूत विद्यालयहरुमा कम्प्युटरको व्यवस्थापन गरिनेछ ।

७.गाँउपालिका स्तरमा शिक्षा सुधार कार्यक्रम अन्तर्गत सवै विद्यालयका प्र.अ.हरुलाई लेखा तथा ICT तालिम प्रदान गरि गुणस्तर बृद्धि गरिनेछ ।

८.बालकक्षा संचालन रहेको सबै विद्यालयहरुमा शिशुस्याहार कक्षा व्यवस्थापन गरि गाउँपालिका भित्रका विद्यालयहरुमा नमुना बालकक्षाको अवधारणा लागु गरीएकोमा सो कार्यकमलाई अझ व्यवस्थित गरिने छ । दिवा खाजा कार्यकमलाई अनिबार्य र व्यवस्थित गरिनेछ ।

११.प्रत्येक विद्यालयहरुमा अतिरिक्त कृयाकलाप साप्ताहिक रुपमा अनिबार्य गरिनेछ ।

१२.विद्यार्थी संख्या, प्रभाव क्षेत्रको आधारमा दरवन्दी तथा करारमा र अल्पकालिन आवश्यकता अनुसारको जनशक्तिको थपघट गरिनेछ ।

१३. बिभिन्न सरकारी तथा गैह्सरकारी दातृ निकायहरुको पहिचान तथा सहकार्य गरी शैक्षिक सुधारका लागि पहल गरिनेछ ।

१४.बिद्यालयका कक्षा कोठाहरु धुलो मुक्त कक्षाको रुपमा बिकास गर्दै लगिने छ ।

१५. शिक्षा नियमावली, शिक्षा नीति, वहुभाषा शिक्षा निर्देशिका जस्ता कानुनी तथा नीतिगत व्यवस्था मार्फत शिक्षा क्षेत्रको गुणस्तर नियमन एवं प्रवर्द्धन गरिने छ।

२१.गाउँपालिकाको स्थानीय शिक्षा पाठ्यक्रम तर्जुमा गरी लागु गरिनेछ। जसमा पालिका भित्रका वस्तुगत स्थिती, राजनैतिक प्रशासनिक, भौगोलिक परिबेश समेत समाबेश गरि पाठ्यपुस्तकमा समेट्न नसकेका बिषय बस्तु समेत अध्ययन अध्यपन गराईने छ ।

**ख.स्वास्थ्य तर्फ**

१.पूर्ण संस्थागत सुत्केरी गराई मातृ तथा नवजात शिशु मृत्युलाईलाई कम गरि दीगो विकास लक्ष्य २०३० लाई प्राप्त गर्न सुरक्षित मातृत्व कार्यक्रमलाई गुणस्तरीय एबं प्रभावकारी बनाउनका लागि सूचिकृत भएका सातवटै २४ घण्टे बर्थिङ सेन्टरमा दक्ष प्रसुतिकर्मी (SBA) तालिम प्राप्त स्वास्थ्यकर्मीको व्यवस्थापन तथा उपयुक्त भौतिक संरचनाको सुदृढिकरण गरिनेछ ।

२. राज्यबाट निशुल्क प्रदान हुने विभिन्न प्रकारका औषधीहरु स्वास्थ्य संस्थाबाट सबै नागरिकहरु सम्म पुग्ने व्यवस्था मिलाईनेछ । साथै गाउँपालिकामा स्वास्थ्य बीमा कार्यक्रमलाई प्रभावकारी बनाउन सचेतना, औषधि लगायतको व्यवस्थापन तथा पुर्ण तथा अति अशक्त अपाङगता भएका ब्यक्तिहरुलाई नि:शुल्क स्वास्थ्य विमाको व्यवस्था मिलाइनेछ ।

३.. स्वास्थ्य संस्थाको भौतिक संरचना थप व्यवस्थापन गरिनेछ । वडा नं. १ र ४ को स्वास्थ्य चौकीको भवन आ.व. ०८०/८१ मा निर्माण सम्पन्न गरिनेछ ।

४. नियमित पूर्ण खोप सुनिश्चितता दीगोपना गाउँपालिकाको रुपमा स्थापना गर्न हरेक वर्षको बैशाख महिनालाई खोप महिना तथा पूर्ण खोप सुनिश्चितता दीगोपना गरि घोषणा सभाको आयोजना गरिनेछ । बाल विवाह न्यूनिकरण गर्न सचेतना कार्यकम संचालन गरिनेछ । सुरक्षित गर्भपतन सेवालाई बिस्तार गरि सेवा बढाईने छ ।

५.प्राथमिक स्वास्थ्य केन्द्र, ताम्कूलाई ५ सैयाको ताम्कू आधारभूत प्राथमिक अस्पतालमा स्तरोन्नतीका लागि आवश्यक अस्पताल भवन निर्माण कार्य प्रारम्भ गरिनेछ ।

६..पालिका तथा वडा स्तरीय पोषण तथा खाद्य सुरक्षा निर्देशक समितिलाई क्षमता अभिबृद्धि गरी बहुक्षेत्रीय पोषण कार्यक्रमलाई प्रभावकारी बनाई पोषण मैत्री गाउँपालिकाको रुपमा स्थापित गर्दै लगिनेछ ।

७.. विपन्न बिरामी नागरिक औषधी उपचार कोष सञ्चालन कार्यविधि, २०७९ अनुसार सेवा निरन्तरता दिईनेछ । उक्त सेवाको लागि आवश्यक बजेटको व्यवस्था गरिनेछ ।

८..आयुर्वेद स्वास्थ्य सेवालाई आवश्यकता अनुसार विस्तार गरी यहाँका जडिबुटीको पहिचान तथा उपयोगका लागि अध्ययन गरिनेछ । बाला आयुर्वेद औषधालयको भवन निर्माण सम्पन्न हुनेछ ।

९.परम्परागत उपचार प्रणालीलाई त्यसैमा मात्र सिमित नराखेर आफ्नो ऐतिहासिक पहिचानलाई कायम राख्दै वैज्ञानिक पद्धतिसंग जोड्नका लागि विभिन्न अभिमुखीकरण संचालन गर्दै लगिनेछ ।

१०.सुत्केरी महिलालाई स्वास्थ्य संस्था लान ल्याउन नि:शुल्क एम्बुलेन्स लाने ल्याउने ब्यावस्था गरिने छ ।

११.मुख स्वास्थ्य सेवा प्रवाहका लागि ताम्कु प्राथमिक स्वाथ्य केन्द्रबाट दन्त सेवा कार्यकम शुरुवात गरिने छ ।

## ग. संस्कृति सम्बन्धी नीति तथा कार्यक्रम

१. धार्मिक तथा सांस्कृतिक सम्पदाको संरक्षणमा जोड दिईनेछ । विभिन्न जातिको मौलिक संस्कृतिको संरक्षण र संवर्द्धन गर्ने नीति लिईएको छ। विभिन्न मठमन्दिर, चावा, चर्च, गुम्बा, माने, देवस्थल, खेम्पालुङ निर्माण आदिको संरक्षणमा ध्यान दिईनेछ ।

२.गाउँपालिका भित्र बोलिने विभिन्न जातजातिका मातृ भाषाहरुको संरक्षण गर्दै त्यस्ता भाषाको लिपी तथा व्याकरण लेखन तथा प्रकाशन गर्ने नीति लिइनेछ।

३. गाउँपालिका भित्र आयोजना हुने महोत्सवहरुमा विविध जातीय भेषभुषा, कला साहित्य, संगित लगायतको झाँकी सहित प्रदर्शन गर्ने नीति लिइनेछ।

## घ. युवा तथा खेलकुद सम्बन्धी नीति तथा कार्यक्रम

१.विषयगत खेल पुरस्कार राशीहरु स्थापना तथा दिगो ब्यवस्थापन गर्दै जाने नीति लिइनेछ।

२. युवा बेरोजगारी न्यूनिकरणका लागि सरकारी, गैरसरकारी, सहकारी तथा निजी क्षेत्रको समन्वय र सहकार्यमा सिप तथा उद्यमशील क्षमता विकासका कार्यक्रमहरु संचालन गरिनेछ।

३. विपन्न तथा गरिब परिवारका युवाहरुलाई इलेक्ट्रोनिक्स सामाग्री मर्मत, प्लम्बिङ्ग तथा इलेक्ट्रिसियन, ब्युटि पार्लर, होटल म्यानेजमेन्ट, ब्यावसायिक पशु पालन तथा तरकारी खेती जस्ता तालिमहरु प्रदान गरी गरीबी न्यूनिकरण र जिविकोपार्जनमा सहजीकरण गरिनेछ।

४. गाउँपालिका स्तरिय खेलकुद प्रतियोगिताहरु आयोजना गर्न सहकार्य र साझेदारी गरिनेछ।

५. युवा बेरोजगारी न्यूनिकरणका लागि सरकारी, गैरसरकारी, सहकारी तथा निजी क्षेत्रको समन्वय र सहकार्यमा सिप तथा उद्यमशील क्षमता विकासका कार्यक्रमहरु संचालन गरिनेछ।

६. गाउँपालिका स्तरीय खेल मैदान तथा कवडहल निर्माणगर्नका लागि माथिल्लो निकायमा पहल गरिने छ ।

७. गाउँपालिका स्तरीय खेलकुद विकास कार्यक्रमलाई संस्थागत गर्दै प्रतिस्पर्धात्मक खेलकुद कार्यक्रम सन्चालन गरिनेछ । उक्त कार्यक्रम आवश्यक बजेट विनियोजन गरिने छ ।

## ङ. लैङ्गिक समानता र सामाजिक समावेशीकरण सम्बन्धी नीति तथा कार्यक्रम

१. लैङ्गिक विभेद अन्त्य गर्दै लैङ्गिक समानता र सामाजिक समावेशिकरण सम्बन्धी नीति तथा कार्यक्रम कार्यान्वयन गरिनेछ।

२. महिला, बालबालिका, अल्पसंख्यक, अति गरिब, आदिवासी जनजाति र सामाजिक बहिस्करणमा परेका वर्गको लागि उत्थानशील कार्यक्रमहरु संचालन गरिनेछ।

३. ऐतिहासिक कालदेखि दलित समुदायले, जीवन निर्वाहको रुपमा अपनाइ आएका परम्परागत पेशालाई व्यवसायिक उद्यमको रुपमा विकास गर्न पुँजि लगानी सहयोग गरिनेछ।

४. विकासका कार्यक्रमहरुमा टोल विकास संस्थाहरुलाई प्रभावकारी रुपमा सहभागी गराइनेछ, सघन परिचालन गरिनेछ।

५. ज्येष्ठ नागरिक तथा एकल महिला परिचयपत्र वडास्तरबाट नै उपलब्ध गराउने व्यवस्था मिलाइनेछ।

६. "हिंसा मुक्त गाउँपालिका हाम्रो पहिचान" अभियान संचालन गरी सबै प्रकारका हिंसा विरुद्ध शुन्य सहनशिलता नीति लिइनेछ।

७. महिला उद्यमसीलता विकासका लागि महिलाद्वारा प्रवर्द्धित व्यवसायमा निश्चित प्रतिशत कर छुटको व्यवस्था गरिनेछ।

८. गर्भवती महिलाहरुको लागि आमा सुरक्षा कार्यक्रम र नवजात शिशुको लागि पोषण कार्यक्रम संचालन गरिनेछ।

९. गाउँपालिका तथा वडास्तरीय बाल क्लब संजाललाई प्रभावकारी रुपमा परिचालन गरिनेछ। जसका लागि बालकोषको स्थापना गरिनेछ ।

१०. बालविकास केन्द्रहरुको भौतिक पूर्वाधार स्तरोन्नति गरिनेछ।

११. गाउँपालिका बालमैत्री घोषणा हुन बाँकी सबै वडाहरुलाई आ. व. २०८०/८१ भित्र बालमैत्रि वडा घोषणा गर्ने कार्य सम्पन्न गरिनेछ।

१२. दलित समुदायको परम्परागत सीपलाई आधुनिकिरण गर्दै व्यावसायीकरणमा जोड दिइनेछ र महिला तथा बालबालिकाको विरुद्धमा हुने हिंसा र दुर्व्यवहार अन्त्य र सबै नागरिकको सम्मानको लागि लैंगिक तथा सामाजिक समावेशीकरण नीति बनाई लागु गरिनेछ ।

१३. बालबालिकाको सहभागिता, संरक्षण र विकासको अधिकार सुनिश्चित गर्न बाल संरक्षण र सहभागिता प्रवर्द्धनात्मक कार्यक्रममा जोड दिईनेछ ।

१४. लक्षित समुहहरुको सशक्तिकरण र राज्य संयन्त्रमा प्रवाहिकरण गराउन पिछडिएका जाति, जनजाति, वर्ग लिङ्ग, दलित,अपाङ्ग, महिला तथा बालबालिका आदि लक्षित समूहलाई सचेतना मूलक, सीपमूलक र रोजगार मूलक कार्यक्रम सञ्चालन गरिनेछ ।

१५.श्रम तथा आयमुलक कार्यमा अनिवार्य ४० प्रतिशत महिलालाई सहभागि गराइनेछ भने अपांगता भएका ब्यक्तिलाई श्रममुलक कार्यमा स्वेच्छाले सहभागी हुन पाउने ब्यावस्था मिलाईने छ । साथै समानदरमा ज्याला पाउने व्यवस्था मिलाइनेछ ।

१६.अपांगता भएका ब्यक्तिहरुको संस्था दर्ता तथा नविकरण नि:शुल्क गर्ने ब्यवस्था मिलाईने छ । साथै एकल महिलाद्धवारा संचालन हुने कृषि तथा पशु फर्म नि:शुल्क रुपमा दर्ता तथा नवीकरण गर्ने व्यवस्था मिलाइनेछ ।

१७. पूर्ण तथा अति असक्त अपांगता भएका ब्यक्तिहरुलाई नागरिकता लगायत सम्पुर्ण सिफारिश नि:शुल्क उपलब्ध हुने ब्यावस्था मिलाईने छ ।

१८. सरकारी कार्यालयहरुमा स्तनपान कक्ष स्थापनाको व्यवस्था मिलाइनेछ ।

१९. विद्यालयहरुमा छात्राहरुको लागि मासिक रजस्वालाको समयमा आरामको आवश्यक हुने हुदाँ आरामकक्षको व्यवस्था गरिनेछ ।

२०. महिलाद्धारा सञ्चालित कृषि तथा पशुपालन फर्महरु दर्ता तथा नविकरण शुल्कमा ५० प्रतिशत छुट दिईनेछ ।

२१ सबै प्रकारका सामाजिक सुरक्षाभत्ता लगायत सेवा सुविधा निरन्तरता दिईनेछ ।

**च. न्याय, कानून तथा मानव अधिकार प्रवर्द्धन सम्बन्धी नीति तथा कार्यक्रम**

१. न्यायिक समितिको अधिकार क्षेत्र भित्रका विवादहरुको शीघ्र निरुपण गरी प्रभावकारी न्याय सम्पादन गर्न आवश्यक नीति तथा कानूनहरुको प्रबन्ध मिलाइनेछ।

२. न्यायिक समितिका पदाधिकारी तथा कर्मचारीहरुको विषयगत ज्ञान र क्षमता विकासका कार्यक्रमहरु कार्यान्वयन गरिनेछ।

३. सभाबाट हालसम्म निर्माण भएका ऐन कानूनहरुलाई संग्रहित गरी स्थानीय कानून संग्रह प्रकाशन गरिनेछ।

४. मानव अधिकारको सम्मान, संरक्षण, सम्बर्द्धन र प्रवर्द्धनका लागि आवश्यक नीति तथा कानून तर्जुमा गरी प्रवर्द्धनात्मक कार्यक्रमहरु संचालन गरिनेछ।

**छ. सुशासन  सार्वजनिक सेवा तथा क्षमता विकास सम्बन्धी नीति तथा कार्यक्रम**

१. आर्थिक तथा प्रशासनिक अनुशासन कायम गर्ने सम्बन्धमा बाँकीको बक्यौता, पेश्की, बेरुजु लगत विवरण अद्यावधिक गरी कडाईका साथ असुल उपर एवम् फछ्यौट गर्ने कार्य अगाडी बढाईनेछ ।

२. जनप्रतिनिधिहरु तथा कर्मचारीहरुको सीप तथा क्षमता अभिवृद्धिको लागि आवश्यक तालिम, गोष्ठी तथा अध्ययन अवलोकन भ्रमण कार्यक्रमलाई परिणाममुखी बनाईनेछ ।

३. गाउँपालिकाबाट प्रवाह हुने सम्पूर्ण सेवा र विकास निर्माणमा हुनसक्ने भ्रष्टाचार, अपारदर्शिता तथा ढिलासुस्तीमा शुन्य सहनशीलताको नीति अख्तियार गरिनेछ । सो कार्यलाई प्रभावकारी बनाउन प्रत्येक वडा कार्यालयहरु र सार्वजनिक स्थानहरुमा गाउँपालिकाको तर्फबाट सुझाव पेटिकाहरु राखिने छ ।

४. गाउँपालिकाबाट प्रवाह हुने योजना, लेखा, राजश्व लगायत सबै सेवाहरुमा सफ्टवेयर निर्माण गरी कागज विहीन प्रणाली बनाउन विद्युतीय प्रणालीलाई जोड दिईने छ ।

५. आधारभुत वस्तु तथा सेवाको सहज आपूर्ति र गुणस्तर कायम गर्न नियमित रुपमा बजार अनुगमन गर्ने र यस्तो अनुगमनमा उपभोक्ताहरुलाई समेत संलग्न गराइनेछ।

६. गाउँपालिका भित्रका सार्वजनिक तथा सरकारी जग्गाहरुको मिहिन ढंगले खोज तथा अध्ययन गरी अभिलेख राखी त्यस्ता जग्गाहरुको संरक्षण गरिनेछ।

७. विपन्न र न्यून आय भएका घर परिवार पहिचान गरी परिचयपत्र उपलब्ध गराई लक्षित कार्यक्रमहरु संचालन गरिनेछ।

८. सार्वजनिक खर्चलाई वैज्ञानिक अनुमान योग्य र नतिजामुखि तुल्याउन मध्यकालिन खर्च संरचना (MTEF) पद्धति प्रयोगमा ल्याइने छ।

९. संघीय सरकार, प्रदेश सरकार र अन्य स्थानीय तहहरुसँग आपसी सहकार्य र समन्वयको लागि अन्तर समन्वय तथा सहकार्य नीति तर्जुमा गरिनेछ।

**४. वन, वातावारण, जलवायु परिवर्तन तथा विपद् व्यवस्थापन सम्बन्धी नीति तथा कार्यक्रम**

**खानेपानी तथा सरसफाई**

१. खानेपानीको जटिलतम समस्याको तत्कालिन, अल्पकालिन र दिर्घकालिन समाधानका लागि सम्भाव्य स्रोतहरूको खोजी तथा योजना तयार गरी खानेपानीको उत्पादन तथा वितरणको व्यवस्था मिलाइनेछ ।

२. विभिन्न खोला, नदी तथा अन्य स्रोतबाट खानेपानीलाई आपूर्ति गर्ने व्यवस्थाको लागि प्राविधिक सम्भाव्यता अध्ययन गरी संघ सरकार र प्रदेश सरकारको सहकार्यमा निर्माण कार्य अघि बढाइनेछ।

३. सडक किनारा र सार्वजनिक स्थानहरुलाई हरियाली र सुन्दर तथा सफा राख्ने कार्य गरिनेछ।

४. टोल विकास संस्था र सामाजिक संघ संस्थाहरुसँग फोहोर संकलन तथा व्यवस्थापन कार्यमा सहकार्यको नीति लिइनेछ।

५. अस्पताल जन्य फोहोरलाई व्यवस्थित तुल्याउन सम्बन्धित निकायहरुलाई पूर्ण रुपमा जिम्मेवार बनाइनेछ। जथाभावी फोहोर फाल्ने र फोहोर गर्ने व्यक्तिलाई जरिवाना तथा अन्य दण्ड सजाय गर्ने नीति लिइनेछ।

६. प्लाष्टिक जन्य फोहोर नियन्त्रण तथा न्यूनिकरण गर्न प्लाष्टिक झोलाहरुको प्रयोगलाई निरुत्साहित गरिने छ।

७. गाउँपालिका मुख्य स्थानहरुमा समुदायको सहकार्यमा उपयुक्त जग्गाको खोजि गरी सार्वजनिक शौचालयहरु निर्माण तथा संचालनलाई अभियानका रुपमा अगाडी बढाइनेछ।

८.वातावरणीय सरसफाई सम्बन्धी सचेतना अभिवृद्धि गरि स्वच्छ, सुन्दर र पूर्ण सरसफाइयुक्त समुदाय निर्माणमा जोड दिई नीति कार्यविधि बनाई लागू गरिनेछ भने एक घर एक जुठेल्नो कार्यकम सन्चालन गरिनेछ।

**क. वातावरण, जलवायु परिवर्तनतथा विपद् व्यवस्थापन**

१. पूर्वाधार आयोजनाहरुको कार्यान्वयन गर्दा त्यस्ता आयोजनाहरुले वातावरणमा पार्ने असर न्यूनिकरणको लागि प्रारम्भिक वातावरणिय परिक्षण (IEE) र वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) अध्ययन गरिनेछ।

२. खाली जग्गामा वृक्षारोपण, हरियाली प्रवर्ध्दन तथा वनको संरक्षण र हैसियतमा सुधार गरी जल, जमीन तथा वातावरणको संरक्षण र जीविकोपार्जनको अवसरमा वृध्दि गरिनेछ ।

३. पोखरी संरक्षण, पहिरो तथा गल्छि नियन्त्रण, विकासका पूर्वाधारको संरक्षण र नदि नियन्त्रण गरी जल, जमिन तथा जलाधारको संरक्षण तथा उत्पादनमा वृध्दि गरिनेछ ।

४. भूसूचना प्रणालीको प्रयोग उच्च जोखिमयुक्त क्षेत्रको नक्शाङ्कन, जोखिमको विश्लेषण तथा जोखिम न्यूनीकरण योजना तयार गरिनेछ ।

५. विपद जोखिम न्यूनीकरण र ब्यवस्थापन तथा जलवायु उत्थानशील योजना तर्जुमा गरी सो अनुसार विपद पुर्व तयारी, विपद न्यूनीकरण, प्रतिकार्य र पुनर्स्थापनाको कार्यलाइ ब्यवस्थित र प्रभावकारी वनाइनेछ ।

६. ढुंगा गिट्टि बालुवा जस्ता नदीजन्य पदार्थ र अन्य प्राकृतिक श्रोतहरुको अनाधिकृत एवं अवैज्ञानिक दोहनलाई नियन्त्रण गरिनेछ।

७. भुकम्पीय जोखिम न्यूनिकरणको लागि भुकम्प प्रतिरोधि भवन तथा संरचना निर्माण कार्यलाई प्राथमिकता दिइनेछ।

८. विपद् जोखिम व्यवस्थापन कोषमा रकम अभिवृद्धि गर्दै प्रभावकारी श्रोत परिचालन गरिनेछ।

९. गाउँपालिकाको विपद् जोखिम नक्साङ्कन गरी सोही आधारमा विशिष्ट प्रकृतिका विपद् जोखिम प्रतिकार्य तथा पुनर्उत्थान कार्यक्रमहरु संचालन गरिनेछ।

१०. सम्बेदनशील जलाधार क्षेत्रका जमिनहरुको अतिक्रमण नियन्त्रण गरिनेछ ।

**ग. पूर्वाधार विकास क्षेत्रः-**

१. गाउँपालिकाकाको केन्द्रबाट सबै वडाकार्यालय जोडिने मुल सडकलाई बाह्रै महिना संचालन हुने व्यवस्था मिलाउन बजेट विनियोजनमा प्राथमिकता दिइनेछ र गाउँपालिकाको केन्द्र जोड्ने सडकलाई मुख्य प्राथमिकता क्रममा राखि स्तरोन्नती गरिनेछ । स्थानीय सडक तथा पूर्वाधार निर्माणको लागि वजेटको मूख्य हिस्सा विनियोजन गरिएको छ ।

२. निर्माणाधिन प्रशासकीय भवन निर्माण योजनालाई तिब्रता दिई आ.व.०८१/८२ मा सम्पन्न गरिने छ , उक्त योजनाको लागि आवश्यक बजेट ब्यावस्था गरिएको छ ।

३.सिसुवाखोला मोटरेवलपुल चालु आ.व.मा सम्पन्न गरिने छ भने सङ्खुवा दोभानमा भुगोल सुहाउदो बेलीब्रिज पुल निर्माणको थालनी गरिने छ । उक्त आयोजनाको लागि आवश्यक बजेट बिनियोजन गरिएको छ ।

४. स्थानीय सडकहरुको निर्माण, उपयोग गर्दा वातावरणीय सन्तुलनलाई ध्यान दिइनेछ साथै स्थानीय सडकहरुलाई पर्यटकीय र हरित सडकको रुपमा विकास गर्न प्राथमिकता दिइनेछ ।

५. सार्वजनिक सम्पत्तिको अभिलेखिकरण गरि तिनको सुरक्षा र उत्पादनमुलक क्षेत्रमा प्रयोग गरिने कार्यको थालनी गरिने छ ।

६. सबै वडाहरुमा राष्ट्रिय प्रशारणलाईन मार्फत ग्रामिण विद्युतीकरण २ वर्ष भित्र सम्पन्न गरिनेछ। उक्त कार्यको लागि सम्बन्धित निकायमा आवश्यक पहल गरिनेछ।

७.हाल सन्चालनमा रहेका गाउँपालिका भित्रका लघुजलबिद्युत आयोजनाहरुको नियमित मर्मत संभार, रेखदेख गर्दै राष्ट्रिय प्रशारण लाईनमा जोड्नको लागि ग्रीड निर्माणको लागि अध्ययन गरिनेछ।

८. सार्वजनिक-निजी साझेदारीमा बैकल्पिक तथा नवीकरणीय उर्जाको प्रयोगलाई प्रोत्साहित गरिनेछ, सडक बत्ती विस्तार गरिनेछ।

९. कृषि उत्पादन वृद्धि गर्ने सिंचाइ प्रणालीहरुलाई भरपर्दो, आधुनिक र दीगो बनाइनेछ। गाउँपालिकाका मुख्य कृषियोग्य भुमिलाई सिंचित गर्दै उत्पादन एवं उत्पादकत्व वृद्धि गर्न प्राथमिकता दिईनेछ।

१०. प्रत्येक वस्तीको घरघरमा जनतालाई विभिन्न सूचना, मनोरञ्जन र उपयोगी सीप तथा ज्ञान प्रवाह गर्नका लागि एफ.एम. रेडियो संचालन गर्न ईच्छुक लगानी कर्तालाई प्रोत्साहन दिईनेछ। साथै स्थानीय पत्रिका प्रकाशन गर्नेलाई विशेष सुविधा दिईनेछ।

१२.कोशी प्रदेशको सबै भन्दा लामो पुल बन्ने गरी लकुवा- खङ्लुवा झो.पु. निर्माणको लागि आवश्यक डि.पि.आर. गर्नका लागि आवश्यक पहल गरिनेछ।

१३.नाम्रीङ्मा झो.पु., पाङ्ग्रा झ्याले झो.पु. लगायतका झो.पु. निर्माण योजना प्रारम्भ गरिनेछ।

## १. राजस्व तथा आन्तरिक श्रोत परिचालन नीति तथा कार्यक्रम

१. आन्तरिक आय व्यवस्थापन, प्राकृतिक स्रोत बिक्रि सम्बन्धी ऐन तथा नियमावली तर्जुमा गरी राजस्व परिचालनलाई थप व्यवस्थित तुल्याइनेछ।

२. आन्तरिक आयका स्रोतहरूको सम्भाब्यता अध्ययन, राजश्व बाँडफाँड, अन्तर सरकारी वित्तीय हस्तान्तरण, तथा करको स्रोत परिचालनको लागि स्थानीय सरोकारवाला, प्रदेश सरकार, र नेपाल सरकारका निकाय तथा गैसस र विकास साझेदार संग परामर्श, समन्वय, र साझेदारी गरिनेछ।

३. करको दर सम्भव भएसम्म न्यूनतम गर्दै करको दायरा विस्तार गर्ने नीति लिइनेछ। प्रगतिशिल कर प्रणाली अवलम्बन गरी नागरिकहरु बिच रहेको असमानता न्यूनिकरण गर्दै लगिनेछ।

४. गाउँपालिका आन्तरिक राजस्व अभिवृद्धिका लागि करका नयाँ सम्भाव्य क्षेत्रहरु पहिचान गरिनेछ।

५. वडा कार्यालयहरुसँग समन्वय गरी घर बहाल करमा रहेको चुहावट नियन्त्रण गर्न घरधनी र वहालमा रहनेहरुको अभिलेख अध्यावधिक राख्ने प्रणाली विकास गरिनेछ।

६. करदाताहरुलाई आफुले तिर्नु पर्ने मोटामोटी कर दायित्व र कर तिर्ने समयसीमा समयमै जानकारी दिन निजहरुको सेल नम्बरमा विद्युतिय प्रणालीद्वारा सन्देश प्रावहित गर्ने नीति लिइनेछ।

७. करदाताहरुको अभिलेख व्यवस्थापन सुदृढ गर्दै उत्कृष्ट करदाताहरुलाई पुरस्कृत तथा सम्मानित गर्ने नीति लिइनेछ।

८. कर प्रशासनलाई सूचना प्रविधिमैत्री एवं करदातामैत्री तुल्याउदै लगिनेछ।

९. करदाताको कर लगतलाइ ब्यवस्थित, पारदर्शी र प्रभावकारी रूपमा उपयोग गर्न, करदातालाइ कर सम्बन्धी सूचना प्रवाह गर्न डिजीटल कर प्रणाली लागु गरिनेछ ।

**घ. वातावरण तथा विपद व्यवस्थापन क्षेत्रः-**

१. विपदको जोखिम आकलन गर्न विपद जोखिम क्षेत्रको नक्साङ्कन, स्थानान्तरण र विपदको पूर्व तयारी गर्ने कामलाई विशेष प्राथमिकता दिनुका साथै गाउँपालिकामा विगत वर्षकै कार्यक्रमलाई निरन्तरता दिई आपतकालिन उद्धार तथा राहत कोष तथा सामग्रीको व्यवस्था गरिनेछ।

२.सिलीचोङ गाउँपालिका वडा नं. १ स्थित चित्रे र बखलटुममा निर्माण हुन लागेको एकिकृत बस्तिको निर्माण कार्य सम्पन्न गरिने छ। जसको लागि आवश्यक बजेट ब्यावस्थापनका लागि पहल गरिनेछ।

३. बाढी, पहिरो, चट्याङ, हावाहुरी, आगलागी, खडेरी, अतिवृष्टि, अनावृष्टि, विषादी च्याउ र भूकम्प जस्ता कारणहरुको आंकलन गर्ने र यिनीहरुबाट हुने नकारात्मक प्रभावलाई न्यूनिकरण गर्न विपद व्यवस्थापनको लागि संघ र प्रदेश सरकारको समन्वयमा स्थानीय जनतासँग सहकार्य गरी आवश्यक वडा तथा गाउँपालिका स्तरको विपद व्यवस्थापन तथा प्रतिकार्य योजना बनाइनेछ। जसका लागि यसै आर्थिक बर्षबाट कार्यक्रमको थालनी गरिने छ।

४. नीजि तथा सार्वजनिक जग्गाको साथै सडक वरिपरी वार्षिक रुपमा नियमित वृक्षारोपण तथा अमृसो रोपण गर्न प्रोत्साहित गरिनेछ। सडक आसपास बृक्षारोपण तथा अमृसो रोपण कार्यलाई सडक निर्माण कार्यमा आवद्ध गराईने छ।

५. फोहोर मैला व्यवस्थापनको लागि सचेतनामूलक कार्यक्रम सबै वडाका टोल टोलमा पुऱ्याइने छ, सिशा जन्य वस्तुबाट वातावरणमा पर्ने नकरात्मक असरलाई कम गर्नका लागि वोतल मार्फत आयत हुने मादक पदार्थलाई प्रतिबन्ध गरिनेछ ।

६. जलवायु परिवर्तनले पारेको प्रभावको अध्ययन र त्यसको निरुपण गर्नका लागि सरकारी र गैर-सरकारी कार्यक्रमहरुसँग संयोजन गरी प्राथमिकताको क्षेत्रमा कार्यक्रम संचालन गरिनेछ।

७ जलवायु परिवर्तन र यसबाट पर्ने असरबारे आम नागरिकहरुलाई सचेत गराउनको लागि सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ ।

८. भू संरक्षण तथा जल उत्पन्न प्रकोप नियन्त्रणका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

९. सवै वडाहरुमा सरसफाई अभियान सञ्चालन गर्ने र गाउँपालिका अन्तर्गतका खोला नालाहरुलाई प्रदुषण हुन नदिने अभियान चलाइनेछ ।

**ङ. संस्थागत विकास तथा सेवा प्रवाह क्षेत्रः-**

१. सूचना प्रविधिको उपयोग गरी समन्वयात्मक तथा कम खर्चिलो तवरले स्थानीय तहका दैनिक प्रशासनिक अभिलेखहरुलाई आधिकारिक तथ्याङ्कका रुपमा प्रयोग गर्न सकिने व्यवस्था गरिनेछ ।

२. सवै वडामा व्यक्तिगत घटना दर्ता अनलाइन प्रणालीबाट सुरु गरिसकिएको हुँदा यस कार्यलाई अझ व्यवस्थित र नागरिकमैत्री बनाउँदै लगिने छ ।

३. स्थानीय सरकारको शासन र प्रशासनिक संयन्त्रलाई समावेशी, सेवामुखी, स्तरीय, बिधि सम्मत र जनतामैत्री बनाउने लक्ष्य लिएको छ । सरकारी सेवा प्रदायक निकायमा दक्षता, जवाफदेहिता, पारदर्शिता, प्रभावकारिता र भ्रष्टाचारमुक्त शासन सुनिश्चित गर्ने नीति लिइनेछ । जनताको गुनासो सुनुवाई संयन्त्रको निर्माण गरी कार्यान्वयन गरिनेछ ।

५. जेष्ठ नागरिक, अपांगता भएको व्यक्ति, एकल महिला, लोपोन्मुख आदिवासी जनजातिलाई प्रदान गरिने सामाजिक सुरक्षा भत्ता समयमा सहज रुपमा प्रदान गर्नको लागि पारदर्शी र जवाफदेही वितरण प्रणाली अपनाइनेछ । जेष्ठ नागरिकहरुको ज्ञान तथा अनुभवको उपयोग गर्दै उनीहरुको सम्मानित जीवनयापनको लागि आवश्यक व्यवस्था गरिनेछ ।

६. सबै सार्वजनिक पूर्वाधारहरु अपाङ्गमैत्री र बालमैत्री निर्माण गर्नुपर्ने मापदण्ड जारी गरी कार्यान्वयनको अनुगमन तथा सुपरीवेक्षण गरिनेछ ।

७. अपाङ्गताको प्रकृति हेरी उपयुक्त सीपमूलक तालिम प्रदान गरी रोजगारीका अवसरहरूमा पहुँच विस्तार गर्ने प्रक्रियाको थालनी यसै आर्थिक वर्ष देखि गरिनेछ । उनीहरुको स्वरोजगारीका अवसरहरूको सिर्जना गर्दै उद्यमशीलताको विकास गर्न आर्थिक सहयोगको व्यवस्था गरिनेछ भने अपांगता भएका व्यक्तिहरुले दर्ता गर्ने व्यवसाय दर्ता, ब्यवसाय नबिकरण तथा अपांगता सम्बन्धि संस्था दर्ता तथा नबिकरण सहज तथा निःशुल्क गरिनेछ ।

८. करका दरहरु न्युन गरी करको दायरा विस्तार गरिनेछ ।"समयमै कर तिरौ, सम्वृद्ध सिलीचोङ निर्माणमा सहयोग गरौ" भन्ने नारालाई राजस्व परिचालनको नारा बनाईनेछ । जनताले तिरेको करलाई अधिकतम् रुपमा सदुपयोग गरी जनताकै हितको लागि उपयोग गरिनेछ ।

९. करका प्रशासनिक प्रक्रियाहरु सरल बनाईनेछ । कर प्रशासनलाई डिजीटल सूचना प्रविधिको पूर्ण उपयोग गरी स्वचालित प्रणालीमा आवद्ध गरिनेछ । कर छली र चुहावट रोक्न बुधवारे, सङ्खुवादोभान, बिर्सुवा, तोम्बेबेशी नाकाहरुमा कडाई गरिने छ ।

१०.गाउँपालिकाको वस्तुगत तथ्यांक डिजिटल रुपमा अद्यावधिक गर्दै लगिनेछ । सार्वजनिक श्रोत उपयोगको क्षेत्रको गुरुयोजना वनाई आवधिक योजना निर्माण गर्ने तर्फ कार्यक्रम सञ्चालन गरिनेछ ।

**च.पर्याटन प्रवर्धन**

१.आन्तरिक तथा बाह्य पर्याटन बिकासका लागि संभावित पर्याटकीय स्थलको पहिचान गरिनेछ ।

२.एक्ले पोखरी, काल पोखरी, लामपोखरी जस्ता ताल तलैयाको संरक्षण, सम्बर्धन तथा प्रचार प्रसार गरिनेछ ।

३.काईकोक झरना, दाङ्खा झरना, निउरेनीधाम, खेन्पालुङधाम, सोह्रसय उपासीधाम जस्ता पबित्र स्थल पुग्ने पदमार्ग निर्माण तथा पुर्वाधार बिकास गरिनेछ ।

**श्रद्धेय अध्यक्ष महोदय,**

सिलीचोङ बासी आमनागरिकहरुका ईच्छा, आकांक्षाहरु, आवश्यकताहरु असिमित छन, तर स्रोत र साधनहरु सिमित छन । सिमित स्रोत र साधनको परिचालनबाट समग्र सिलीचोङ वासीको चाहना, आवश्यकता र विकासलाई सम्बोधन गर्न आफैमा चुनौतिपूर्ण छ । त्यसैले सिमित स्रोत र साधनलाई अत्युतम रुपमा परिचालन गरी अधिकतम जनसहभागिता, सहकार्य तथा साझेदारीमा विकासका कार्यक्रम सञ्चालन गर्नु पर्ने हाम्रो आवश्यकता र वाध्यता रहेको छ । हाल सिलीचोङ गाउँपालिकाले गौरवको आयोजनाको रुपमा प्रशासकीय भवन निर्माण आयोजना, सिसुवाखोला मोटरेवल पुल निर्माण आयोजना, माङ्तेवा स्वास्थ्य चौकी भवन निर्माण आयोजना, सिसुवाखोला स्वास्थ्य चौकी भवन निर्माण आयोजना र सिलीचोङ समाज बिकास केन्द्रको भवन निर्माण आयोजना, सिलीचोङ-५ याफुको वडा कार्यालय भवन जस्ता आयोजनाहरुलाई मुल प्राथमिकताको रुपमा अगाडि वढाई रहेको छ भने सिम्लादाक र सङ्खुवादोभान बेलीब्रिज निर्माण आयोजना, जिल्ला सदरमुकाम संग बाह्रै महिना संचालन हुने सडकहरुलाई समेत प्राथमिकतामा राखी आयोजनाहरुमा धेरै लगानी गर्नु पर्ने भएको छ । तसर्थ माथि उल्लेखित आयोजनाहरु संचालनमा ल्याउदा प्राप्त बजेटको धेरै हिस्सा उक्त योजनाहरुमा लगानी गर्नु पर्ने भएको हुदाँ बिगतमा बिनियोजन हुने वडा तथा टोलहरुको बजेट भन्दा कम बिनियोजन भएको छ । जसका लागि सम्पुर्ण जनप्रतिनिधी तथा आम सिलीचोङबासी नागरिकहरुले सहयोग समर्थन गर्नु हुन्छ भन्ने पूर्ण आशा लिएको छु । यसै गरी यस गाँउपालिका अर्न्तगत रहेका पाचै वटा वडाहरुको समानुपातिक र समावेशी विकास गर्न भौगोलिक अवस्था, जनसंख्याको अवस्थाका साथै राजस्व संकलनका आधारमा

बजेट विनियोजन गरिएको छ । त्यसै गरी गाउँपालिकाबाट खर्च हुने योजनाहरुमा ठूला, दीर्घकालिन महत्वका तथा एक भन्दा बढी वडा समेट्नु पर्ने आयोजना तथा कार्यक्रमलाई प्राथमिकतामा राखी विनियोजन गरिएको छ । मर्मत संभार कोष अन्तर्गतको रकम गाउँ कार्यपालिको निर्णय बमोजिमका मर्मत गर्नु पर्ने आयोजनामा खर्च गरिने छ ।

**श्रद्धेय अध्यक्ष महोदय,**

अब म आगामी आर्थिक बर्षको गाउँपालिका आम्दानिको अनुमानित बिवरण प्रस्तुत प्रस्तुत गर्न अनुमति चाहन्छु । गाउँपालिको आ.ब. २०८०।०८१ को आयको अनुमानित बिवरण यस प्रकार रहेको छ ।

**श्रद्धेय अध्यक्ष महोदय,**

अब म आ.व. ०८०/०८१ गाउँपालिका र सम्पूर्ण वडाहरुमा बिनियोजित योजना तथा कार्यक्रमहरु प्रस्तुत गर्न अनुमति चाहन्छु । गाउँपालिकाबाट लगानी भई संचालन तथा कार्यान्वयन हुने आयोजना तथा कार्यक्रम निम्नानुसार रहेका छन ।

वजेट निर्माण कार्यमा अहोरात्र खटिनुहुने वजेट तथा कार्यक्रम तर्जुमा समितका सदस्य ज्युहरु, स्थानीय राजस्व परामर्श समितिका सदस्य ज्यूहरु, श्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिका अध्यक्ष एवं सदस्यज्यूहरु, सम्पुर्ण जनप्रतिनिधिज्युहरु, प्रमुख प्रशासकिय अधिकृत लगायत सम्पुर्ण राष्ट्रसेवक कर्मचारीज्युहरुमा हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

धन्यवाद ।